नगर कार्यपालिकाको
बैठक संख्या २९/२०७९-०८४
मिति २०८०/५/३ को
निर्णय प्रमाणित

बैठक संख्याः २९/२०७९-०८४

मिति २०८० साल भदौ ३ गतेका दिन बसेको कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

निर्णय नं. १

नगर कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गरियो । कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २

यस नगरपालिकाको चालु आ.ब. को सम्पूर्ण नीतीहरु एवं नगरसभाको २०८०/०३/०८ र २६ गतेको निर्णयहरु सबै जनप्रतिनिधी एवं कर्मचारीहरुले पालना गर्ने । चालु आ.ब. २०८०/०८१ मा सञ्चालन हुने विभिन्न योजना तथा कार्यक्रमहरु(चालु, भैपरी र विपद बाहेकका) जेठ १५ गतेभित्र कार्य सम्पन्न हुने गरी तत्काल कार्य अगाडी बढाउने । टेण्डर प्रक्रियाबाट गर्नुपर्ने कार्यहरुको २०८० असोज मसान्तभित्र टेण्डर गरिसक्ने । उपभोक्ता समिति मार्फत हुने कार्य योजना तथा कार्यक्रमहरुको २०८० चैत्र मसान्त सम्झौता गर्ने।

निर्णय नं. ३

क. कोहलपुर नगरपालिकाको बाह्रौं नगरसभाबाट स्वीकृत संगठन संरचना बमोजिम हुने गरी आवश्यकताका आधारमा शाखा, उपशाखा एवं वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको जिम्मेवारी हेरफेर गरी सेवा प्रवाहलाई थप प्रभावकारी गराउने ।

ख. नेपाल सरकारबाट प्राप्त हुने बैदेशिक छात्रबृत्ति MOFCOM Scholarship Program 2023 China अन्तर्गत Suzhou University of Science and Technology मा Environmental Engineering विषयमा स्नातकोत्तर अध्ययनका लागी मनोनयन हुनु भएका यस नगरपालिकामा कार्यरत ईन्जिनियर सातौ तह श्री बालकृष्ण महतरा क्षेत्री(क.सं.नं. २१५७७०)लाई निजामती सेवा ऐन २०४९ र नियमावली २०५० बमोजिम अध्ययनका लागि अध्ययन बिदा स्वीकृतिका लागि सम्बन्धित मन्त्रालयमा बिदा सिफारिस गर्ने ।

निर्णय नं. ४

प्रभु बैंक लिमिटेडले २०८० बैशाखदेखि ऐ. आषाढ १५ सम्मको घरबहाल कर तिरी लगत कट्टा गर्नुपर्नेमा आषाढ २९ गते आन्तरिक राजस्व खातामा राजस्व रु.७३,४१५।– जम्मा गरिएको, राजस्वको प्रणालीबाट राजस्व नबुझाएको हुनाले

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ..२५।२०८९-०८४
मिति २०८०।५।१३..... को
निर्णय प्रमाणित

घरबहालको लगत कट्टा हुन नसकी हालसम्म घरबहाल कायम भएकोमा र नयाँ आ.ब. समेत शुरु भएकोले नीजले मिति २०८०/०४/३२ मा पुन २०८० बैशाखदेखि २०८०/०४/३२ सम्मको घरबहाल कर रु.७५,६९०।- तिरी लगत कट्टा गरेको देखिएकाले मिति २०८०/०३/२९ मा जम्मा गरेको रकम रु.७३,४१५।– प्रभु बैंक तर्फबाट राजस्व दाखिलाकर्ता श्री सरिता भट्टराई फिर्ता दिने ।

निर्णय नं. ५

यस नगरपालिकाभित्र सञ्चालन भएको नयाँ बसपार्कलाई थप व्यवस्थित गर्दै सञ्चालन गर्नका लागि बसपार्क व्यवस्थापन समितिको बिभिन्न मिति (२०८० श्रावण महिनाको ८, ९, १४, २७, २९ र ३१ गते) मा बसेको बैठकबाट निर्णय भई सिफारिस भई आएकोमा बसपार्क व्यवस्थापन समिति प्रचलित कानून बमोजिम जवाफदेही हुने गरी समितिबाट भएका निर्णय एवं सिफारिस अनुमोदन गरी कार्यान्वयन गर्ने ।

निर्णय नं. ६

नेपाल नगरपालिका संघको भवन निर्माणका लागी आर्थिक सहयोग माग भई पत्र प्रास भएकोमा विभिन्न (सरकारी तथा गैरसरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट रु.५,००,०००।-(पाँच लाख) उपलब्ध गराउने ।

निर्णय नं. ७

यस नगरपालिकाको सिकलसेल एनिमिया तथा थालेसिया रोग सम्बन्धी समन्वय समितिको मिति २०८०/०५/०३ गतेको बैठकको निर्णय अनुमोदन गर्ने । साथै नेपाल सरकारको नगद अनुदान, बजेट शिर्षक नं. ३११२२ को सिकलसेल एनिमिया ल्याब सञ्चालन तथा व्यवस्थापन कार्यक्रमको संलग्न विवरण/शीर्षक अनुसारको रु.७०,००,०००।-(सत्तरी लाख) बजेट ब्रेकडाउन आगामी नगरसभाबाट अनुमोदन हुने गरी स्वीकृत गर्ने ।

| क्र.सं. | विषय / शिर्षक | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | तलब, पोषाक, महङ्गी भत्ता, प्रोत्साहन भत्ता | २८,५०,००० | |
| २ | मेसिन खरिद | ७,००,००० | |
| ३ | तालिम तथा अभिमुखिकरण कार्यक्रम | ५,००,००० | |
| ४ | बिमा | १,००,००० | |
| ५ | रि-एजेन्ट खरिद | १०,००,००० | |
| ६ | औषधी तथा प्रयोगशाला सामाग्री खरिद | ५,००,००० | |

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ..२९|२०७९-०८०.........
मिति ..२०८०।५।१३... को
निर्णय प्रमाणित

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश
स्थापना: २०७३

| | | | |
|---|---|---|---|
| ७ | अनुगमन तथा बैठक भत्ता | १,००,००० | |
| ८ | चिकित्सकिय सेवा तथा परामर्श सेवा | ३,००,००० | |
| ९ | सफ्टवेयर तथा प्रिन्टर खरिद | २,००,००० | |
| १० | सूचना, सञ्चार प्रकाशन प्रसारण खर्च | २,५०,००० | |
| ११ | मेशिनरी मर्मत खर्च | २,००,००० | |
| १२ | विविध (कार्यालय व्यवस्थापन, यातायात, लेमिनेशन, छपाई) | ३,००,००० | |
| | जम्मा खर्च | ७०,००,००० | |

निर्णय नं. ८

नगरपालिका भित्र रहेका घरपालुवा पशुमा लम्पी स्कीन रोग नियन्त्रणका लागी खोप उपचार कार्यक्रम सञ्चालन गर्न पशु विकास शाखाको प्रस्ताव बमोजिम भैपरी आउने चालु खर्च शीर्षकबाट रु.२,००,०००।-(दुई लाख) बिनियोजन गरी खोप कार्यक्रम सञ्चालन गर्ने ।

निर्णय नं. ९

क. कोहलपुर नगरपालिकामा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले विद्यालय बाहिर खोलिएका आमने-सामने वा दूर शिक्षा वा अनलाईन, अफलाईन, माध्यमबाट संचालन हुने शैक्षिक सेवा, परामर्श, ब्रिजकोर्स, मन्टेशरी, तालिम केन्द्र, ट्युसन, कोचिङ्ग, लामो वा छोटो अवधिका प्राविधिक तालिम, पेशागत छनौट सम्बन्धी परीक्षाका पूर्व तयारी कक्षा, सिर्जनात्मक कक्षा सम्बन्धी पाठशाला, स्वदेशी तथा विदेशी भाषासम्बन्धी कक्षाहरू, छात्रावास, खेलकुद, कला केन्द्रहरूलाई कानुनी दायरामा ल्याई प्रभावकारी रुपमा कार्यान्वयन, नियमन तथा व्यवस्थापन गर्न "विद्यालय बाहिर संचालन हुने शैक्षिक सेवा, तालिम तथा परामर्श सेवाको अनुमति तथा नियमन सम्बन्धी कार्यविधि, २०८०" स्वीकृत गर्ने ।

ख. कोहलपुर नगरपालिकाको शिक्षण सिकाइ सहजकर्ता कार्यबिधी, २०८० संशोधन गर्ने।

निर्णय नं. १०

सार्वजनिक खरिद नियमावली २०६४ मूल नियमावलीमा बाह्रौं संशोधनसम्म भएका संशोधन बमोजिम यस नगरपालिकाबाट हुने खरिद सम्बन्धी सम्पूर्ण कार्यहरुको व्यवस्थापन गर्ने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ०१/२०८९-०८४
मिति २०८०/४/३ को
निर्णय प्रमाणित

निर्णय नं. ११

यस नगरपालिका भित्र घर नक्शा निर्माण ईजाजत बिना निर्माण सम्पन्न भएका तथा निर्माण ईजाजत लिए पश्चात मापदण्ड विपरित निर्माण सम्पन्न भएका भवनहरुको हकमा पुनः एक पटकका लागी २०८० साल असोज मसान्त सम्म दर्ता गरी अभिलेखिकरण प्रमाणपत्र दिने ।

निर्णय नं. १२

कोहलपुर नगरपालिका वडा नं. २ निवासी सुनिता शर्मालाई नगर कार्यपालिकाको कार्यालयमा कार्यालय सहयोगी पदमा करार सम्झौता गरी २०८० पुष मसान्तसम्म कामकाजमा लगाउने ।

निर्णय नं. १३

यस नगरपालिकाभित्र सुरक्षा गस्ती एवं ट्राफिक व्यवस्थापनमा खटिनुपर्ने भएकाले ईलाका प्रहरी कार्यालय, कोहलपुरलाई मासिक अधिकतम् १०० लि. र जिल्ला ट्राफिक प्रहरी कार्यालय, कोहलपुर, बाँकेलाई मासिक ५० लि. डिजेल ईन्धन विभिन्न (सरकारी तथा गैह्र सरकारी) निकायहरुसँग समन्वय र सहकार्य शिर्षकबाट खर्च हुने गरी साबिक वर्षको जस्तै सहयोगलाई निरन्तरता दिने ।

निर्णय नं. १४

कोहलपुर नगरपालिका वडा नं. २ निवासी ईश्वरी बिष्ट क्यान्सर रोगबाट पिडीत भई उपचाराराथ रहेकोमा निजको औषधी उपचारका लागी २ नं. वडा कार्यालयको सिफारिस पत्रानुसार निजको घरको आर्थिक अवस्था कमजोर रहेकाले अन्य सामाजिक सहायता शीर्षकबाट रु ३५०००।- (पैतिस हजार) उपलब्ध गराउने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत